

कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन

डा. तुलसी भट्टराई ③


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ ।



❑ वर्ष-२१ ❑ अंक - ११५ ❑ २०८३ वैशाख १२ गते शनिबार ❑ Saturday, 25 April 2026 ❑ मूल्य ७ /-


### दमक नगरपालिकामा सार्वजनिक सुनुवाई

## नागरिकको सवाल र नपाको जवाफ

✍ पूर्वसन्देश समाचार

**दमक/** दमक नगरपालिकाले शुक्रबार सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्दै नगरबासीका गुनासा, सुझाव तथा जिज्ञासाको सुनुवाइ गरेको छ । सेवा प्रवाह, विकास निर्माण, पूर्वाधार, शिक्षा, स्वास्थ्य लगायतका विषयमा उठेका प्रश्न तथा गुनासो सम्बोधनका लागि कार्यक्रम गरिएको नगरपालिकाले जनाएको छ ।

कार्यक्रममा सहभागी नगरबासीले विभिन्न सार्वजनिक सेवाको प्रभावकारिता, विकास योजनाको कार्यान्वयन तथा स्थानीय समस्या सम्बन्धमा धारणा राखेका थिए । उठेका जिज्ञासा र गुनासाबारे नगरप्रमुख रामकुमार थापा, उपप्रमुख रेगीना भट्टराई, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला तथा विभिन्न सरकारी कार्यालयका प्रमुख र वडाअध्यक्षहरूले जवाफ दिएका थिए ।

नगरप्रमुख थापाले सार्वजनिक सुनुवाइले जनप्रतिनिधि र नागरिकबीच प्रत्यक्ष संवाद स्थापित गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताए । कार्यक्रममा जनगुनासो सम्बोधनसँगै विकासका कामलाई पारदर्शी र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गरिएको थियो । कार्यक्रममा नगरबासीहरूले सरकारी सेवा प्रवाह, ट्राफिक व्यवस्थापन, सरसफाई, जेनजी आन्दोलनले पुर्‍याएको क्षति र संलग्नलाई कार्वाही लगायतका विभिन्न प्रश्न राखेका थिए । कार्यक्रममा दमक ५ का युवराज घिमिरेले दिपीनी खोलामा फोहर फाल्ने, मानव मल-मुत्र मिसाउने जस्ता कार्यले प्रदुषित भएको भन्दै त्यसलाई नियन्त्रण गर्न आवश्यक रहेको बताए । त्यसको जवाफ दिँदै नगरप्रमुख थापाले त्यस्तो कार्यमा संलग्नको पहिचान गरि कार्वाहीको दायरामा ल्याउन र सरसफाई कार्यलाई पनि गति दिने प्रतिवद्धता जनाए । यस्तै उपप्रमुख प्रसाईले खोला सरसफाईको कार्य नगरपालिकाको प्राथमिकतामा रहेको भन्दै प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताईन् ।

कार्यक्रममा पूर्वाञ्चल बहिरासंघका अध्यक्ष रमेश श्रेष्ठले दोभाषे पुनर्ताजगी तालिमको आवश्यकता रहेको र अपांगता भएकाहरूलाई रोजगारीमा प्राथमिकता दिनु पर्ने बताए । जवफमा उपप्रमुख प्रसाईले पुनर्ताजगी तालिमको निर्णय भई सकेको र रोजगारी अभिवृद्धीका कार्यक्रम समेत गर्दै आई रहेको बताईन् ।

पूर्वजनप्रतिनिधी समेत रहेका श्याम कार्कीले जेनजीको नाममा भएको आन्दोलनका क्रममा क्षति गर्नेहरूलाई नगरपालिकाको तर्फबाट समेत कार्वाहीको दायरामा ल्याउन समन्वय गर्नु पर्ने बताए । यस्तै दमक ८ का टीकाराम खरेलले रोज गार्डेन व्यवस्थापन गर्नु पर्नेमा जोड दिए भने दमक ५ का अर्जुन कार्कीले दमकका सरकारी कार्यालयहरूको परिसरमा ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुने गरेको भन्दै प्रत्येक कार्यालयमा सेवाग्राहीका लागि पार्किङ्को व्यवस्थापन गर्न आवश्यक रहेको बताए ।

आन्तरीक राजश्व कार्यालय परिसरमा पार्किङ् नभएको विषयमा जवाफ दिँदै कार्यालय प्रमुख सुर्य कुँवरले भदौको आन्दोलनमा कार्यालय जले पछि तत्कालिन समयमा नयाँ स्थानमा कार्यालय सारिएको र त्यहाँ केहि साँघुरो रहेको जनाए । तर भएको स्थान र श्रोत साधनले सके सम्म व्यवस्थापनको प्रयास भई रहेको जनाए । यस्तै ट्राफिक प्रहरी कार्यालय दमकका प्रमुख मनोज खड्काले सिमित जनशक्तिले काम गर्नु पर्दा सवै तिर व्यवस्थापनमा समस्या रहेको जनाए । तर सवै कार्यालयहरूले आ आफ्नो परिसर तथा सेवाग्राहीका लागि व्यवस्थापन गर्ने हो भने समस्या समाधानमा सहयोग पुग्ने बताएका थिए । ट्राफिक व्यवस्थापनका लागि यस अघि समेत दमक नगरपालिकाबाट सहयोग प्राप्त भएको भन्दै उनले बाँकी ४ पेजमा ▸▸

## कांग्रेसले दिन सकेन दलको नेता

**दमक/** प्रतिनिधि सभाको निर्वाचन भएको दुई महिना हुन लाग्दा पनि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलको नेता चयन प्रक्रियामा अनिर्णयको बन्दी बन्दै गएको छ ।युवा नेताहरु गगनकुमार थापा र विश्वप्रकाश शर्मासहितले हाँकिरहेको कांग्रेसमा अझै पनि प्रतिनिधिसभा संसदीय दलको नेता चयन प्रक्रिया टुंगिन नसकेको हो ।

जम्मा ३७ जना सांसदमध्ये दलको नेताका लागि २ देखि ३ जना मात्रै प्रतिस्पर्धामा हुँदा पनि कांग्रेस लामो समयदेखि अनिर्णयको बन्दी बनेको हो ।

दलको नेता चयनका लागि निर्वाचन तालिकासमेत सार्वजनिक भइसकेको कांग्रेसले हाललाई उक्त कार्यक्रम नै स्थगित गरेको छ ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिले दलको नेता चयनसम्बन्धी चुनावी तालिका नै सार्वजनिक गरेको अवस्थामा नेतृत्वले त्यसलाई तत्कालका लागि रोकेको हो ।

निर्वाचन प्रक्रिया रोकिएसँगै कांग्रेसभित्र विशेष महाधिवेशनबाट नयाँ जनादेशसहित आएको नेतृत्वमा पनि उही पुरानै समस्या देखिएको छ ।अन्तिम समयमा चयन प्रक्रिया रोकिएको पुष्टि निर्वाचन समिति सदस्य मुना भुसालले गरेकी छन् । उनले अब नयाँ प्रक्रिया कहिले सुरु हुन्छ भन्ने अनिश्चित रहेको बताएकी छन् । यसअघि नै दलको नेता सहमतिबाट चयन गर्न उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा सात सदस्यीय समिति बनाइएको थियो ।

सभापति थापा र उपसभापति शर्माबीच नेता भीष्मराज आङ्देम्बेलाई दलको नेता बनाउने सहमति भएको चर्चाबीच फेरि प्रक्रिया अनिश्चितकाललाई पछि धकेलिएको हो । तर गगन र विश्वप्रकाशबीच अझै पनि पूर्णसहमति नभएको चर्चा छ ।

कांग्रेसले बनाएको शर्मा समितिमा उपसभापति पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरूराज घिमिरे पनि छन् । उता निर्वाचन समितिका संयोजक प्रकाश रसाइली 'स्नेही', मुना भुसाल र राजु कटुवाललाई पनि सदस्य तोकिएको छ ।

सहमति भएको चर्चाबीच कांग्रेसमा पुरानै समस्या दोहोरिने गरी दलको नेता चयनले झमेला बढाएको हो । सभापति थापाले रसुवा बाँकी ४ पेजमा ▸▸

## झापामा लागुऔषधविरुद्ध स्वीप अपरेशन, ६२ पक्राउ

**दमक/** झापामा प्रहरीले लागूऔषध दुर्व्यसन तथा ओसारपसारबिरूद्ध स्वीप अपरेशन चलाएर एकैदिन ६२ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयले बिहीबार ६२ जनालाई नियन्त्रणमा लिनुका साथै २० ग्राम ४० मिलिग्राम लागूऔषध ब्राउन सुगर र नगद ९हजार रूपैयाँ बरामद गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए ।

त्यस्तै दमक नगरपालिका वडा नं. ४ ताराबारीमा दमक नगरपालिका र दमक अस्पताललगायतको सहकार्यमा जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडले सार्वजनिक सवारी चालक तथा सहचालकहरूलाई मादक पदार्थ सेवन (मापसे ) र लागूपदार्थ सेवन (लापसे) चेकजाँच गरेको छ ।

५४ जना चालक तथा सहचालकहरूलाई किटमार्फत् परीक्षण गर्दा ३ जना चालक तथा २ जना सहचालकले लागूपदार्थ सेवन गरेको पाइएको छ । साथै २ बाँकी ४ पेजमा ▸▸

### गोली चलाएर पक्राउ

**दमक/** काठमाडौंको साँखुमा प्रहरीले गोली चलाएर तीन जनालाई नियन्त्रणमा लिएको छ । लागुऔषध कारोबार गर्नेलाई पक्राउ गर्ने क्रममा प्रहरीले गोली चलाएको लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए । उनका अनुसार लागुऔषध प्रयोगकर्तालाई नियन्त्रणमा लिने क्रममा एक जना घाइते भएको र उनीहरुको साथबाट एक थान पेस्तोल पनि बरामद गरिएको छ । सो घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बस्ती भत्काउन २० डोजर र १५ हजार प्रहरी परिचालन

**दमक/** सरकारले बागमती नदीकिनारका सार्वजनिक जग्गामा बसेकाहरूलाई सुकुमवासी बस्ती छाड्न उर्दी गरेको छ। प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार काठमाडौंका सिडिओसहित सुरक्षा निकायका प्रमुखलाई बोलाएर दिएको निर्देशनअनुसार शनिबार डोजर चलाउनुअघि नै बस्ती खाली गर्न बिहीबार साँझदेखि नै माइकिङ गरिएको हो ।

महानगर प्रहरी बल प्रमुख विष्णुप्रसाद जोशीका अनुसार कसैले सूचना अटेर गरेमा संयुक्त कारबाही गर्दा भत्काइने संरचना र क्षति हुने व्यक्तिगत सम्पत्तिको जिम्मेवार आफै हुनुपर्नेछ पनि भनिएको छ । स्रोतका अनुसार बस्ती भत्काउन २० डोजर र १५ हजार प्रहरी परिचालन गरिएको छ । अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ सालमा तयार पारेको प्रतिवेदन अनुसार उपत्यकाका नदी किनारमा ३ हजार ४९६ घरधुरी अव्यवस्थित बसोबासी छन्। तीमध्ये काठमाडौं महानगरभित्र २ हजार २४५ घरधुरी छन् भने कागेश्वरी नगरपालिकामा ९०, बुढानीलकण्ठमा १५६, ललितपुर महानगरभित्र १७ र भक्तपुर नगरपालिकामा ७७३ अव्यवस्थित बसोबासी रहेको तथ्यांक छ ।

काठमाडौं महानगरपालिकाका तात्कालीन मेयर बालेन शाहले बस्ती हटाउन पटक पटक प्रयास गरेका थिए । मेयर हुँदा नसकेको सुकुम्वासी बस्ती खाली गर्न प्रधानमन्त्रीले शनिबार र आइतबारभित्र खाली गराउन सुरक्षा निकायलाई निर्देशन दिएका थिए । उनले बुधबार नेपाल प्रहरीका आइजिपी दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका आइजिपी राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीलाई प्रधानमन्त्री बाँकी ४ पेजमा ▸▸

## दमकमा श्रम सुरक्षा सम्बन्धी अन्तरकृया

**दमक/** श्रम तथा रोजगार कार्यालय झापाले दमकमा व्यवसायीहरूसंग व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अन्तरकृया सञ्चालन गरिएको छ ।

दमक उद्योग वाणिज्य संघको संयोजन तथा संघको सभाहलमा शुक्रवार सम्पन्न श्रम सम्बन्धी जनचेतनामूलक अन्तरकृयामा तीन दर्जन बढी विभिन्न क्षेत्रका व्यवसायिक अगुवाहरूको सहभागिता रहेको थियो ।

अन्तरकृयामा श्रम कार्यालय झापाका नायव सुब्बा मातृका कट्टेलले श्रमको हक ,ऐन ,नीजि क्षेत्रका व्यवसायीहरूको भूमिकाका विविध पक्षका बारे कार्यपत्र प्रस्तुत गरेका थिए । प्रस्तुत कार्यपत्र माथि दमकका अगुवा व्यवसायीहरू विक्रम साह, बद्री वराल, काशी खाँती लगायतले जिज्ञासा राखेका थिए । व्यवसायीहरूले उठाएका सवालका विषयमा प्रशिक्षक कट्टेलले जवाफ दिएका थिए । अन्तरकृयासहितको जनचेतनामूलक उक्त कार्यक्रम समापनमा दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाई, बाँकी ४ पेजमा ▸▸

## झापा ५ मा प्रधानमन्त्री बालेनको सचिवालय सञ्चालन

**दमक/** प्रधानमन्त्री बालेन्द्र साहको निर्वाचन क्षेत्र झापा क्षेत्र नम्बर ५ मा संसद सचिवालय सञ्चालनमा आएको छ। निर्वाचनताका सार्वजनिक गरिएको वाचापत्रअनुसार स्थानीय बासिन्दा र सरोकारवालाका लागि खुला गरिएको हो।

सचिवालयमार्फत क्षेत्रका जनतासँग नियमित संवाद, गुनासा संकलन तथा विकाससम्बन्धी पहललाई व्यवस्थित बनाउने लक्ष्य राखिएको जनाइएको छ।

हालका लागि राज गौतम संयोजक र बेनिस कार्की रहने गरी दुई सदस्यीय सचिवालयले दैनिक कार्यसम्पादन गरिने जनाईएको छ। स्थानीय तह र जनप्रतिनिधिबीच समन्वय मजबुत बनाउने तथा क्षेत्रीय समस्या समाधानमा प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## सम्पत्ति जाँचबुझ आयोगले सुरु गर्‍यो काम

**दमक/**काठमाडौंमा पूर्वन्यायाधीश राजेन्द्र भण्डारीको अध्यक्षतामा गठन भएको पाँच सदस्यीय सम्पत्ति जाँचबुझ तथा छानबिन आयोगले काम सुरु गरेको छ। केशरमहलस्थित कार्यालय स्थापना गर्दै आयोग औपचारिक रूपमा सक्रिय भएको हो ।

आयोगका अध्यक्षसहित सदस्यहरूले सपना मल्ल प्रधानबाट सपथ ग्रहण गरेका थिए। आयोगले भोलि पहिलो बैठक बसेर आफ्नो कार्यक्षेत्र र अधिकारबारे जानकारी गराउने तयारी गरेको छ ।

आयोगलाई सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका व्यक्तिहरू तथा उनीहरूको परिवारको सम्पत्तिको छानबिन गर्ने जिम्मेवारी दिइएको छ। शंकास्पद सम्पत्ति देखिएमा सम्बन्धित बाँकी ४ पेजमा ▸▸

## लापसे र मापसेमा संलग्न चालकहरु कार्वाहीमा

**दमक/**लागूपदार्थ सेवन(लापसे) र मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने चालकहरू कार्वाहीमा परेका छन् ।

झापाको दमक वडा न. ४ ताराबारीमा विहिबार गरिएको चेकजाँचका क्रममा पाँचजना कार्वाहीमा परेका हुन् । जसमा ५४ जना चालक तथा सहचालकलाई लापसे चेकजाँच गर्दा ३ जना चालक तथा २ जना सहचालकको परीक्षणमा पोजेटिभ देखिएको छ भने २ जनाले मापसे समेत गरेको फेला परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख सन्तोष राईले बताए । उनीहरूलाई नियन्त्रणमा लिई आवश्यक कार्वाही शुरू गरिएको उनले जानकारी दिए ।

दमक नगरपालिका र दमक अस्पतालको सहकार्य तथा इलाका प्रहरी कार्यालय दमक, जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड,झापा र ट्राफिक कार्यालय दमकले सार्वजनिक सवारी चालक तथा सहचालकहरूको लापसे र मापसे स्वास्थ्य परीक्षण तथा यान्त्रिक चेकजाँच गरिएको थियो ।


**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

**बालबालिकाहरूको स्वास्थ्य जाँचका लागि सूचना**

- **५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखा-जोखा कार्यक्रम वैशाख १५ गतेबाट शुरु हुँदैछ ।**
- **वडामा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम् सेविकामार्फत् जानकारी लिई पायक पर्ने स्थानमा आफ्ना बालबालिकाको तौल तथा उचाई जाँचमार्फत् कुपोषित रहे/नरहेको समयमै पत्ता लगाई सोको व्यवस्थापन गर्न हुन सम्पूर्ण नगरबासीमा सूचित गरिन्छ ।**

संस्मरण



## कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन

डा. तुलसी भट्टराई

स्त्री–पुरूषको काम–रतिसुखलाई वात्स्यायनले मानवजीवनको एउटा साधनका रूपमा मानेका छन् । कामशास्त्रसम्बन्धी ग्रन्थ 'वात्स्यायन कामसूत्र' का स्रष्टा मानिन्छन्– वात्स्यायन । यस कामसूत्रलाई आयुर्वेदकै एउटा खण्ड अध्याय पनि मानिएको छ । वात्स्यायन आयुर्वेद–वैद्यशास्त्री थिए । उनले व्यक्तिको मनोदशा, मनोविज्ञान अध्ययन गरेर 'कामशास्त्र" लेखे । काम र स्वास्थ्यबीच ठूलो सम्बन्ध रहेको बुझेर छुट्टै ग्रन्थ तयार पारेका थिए । इस्वी सन् ३०० तिर यी वात्स्यायनको जन्म दक्षिण भारतको आन्ध्र छेउछाउमा भएको मानिन्छ । यिनी विद्वान् थिए । प्रारम्भमा यिनको नाम मल्लनाग थियो । पछि आचार्य वात्स्यायनबाट प्रसिद्ध भए ।

आयुर्वेदका प्राचीन ग्रन्थहरूमा वाजीकरव नामबाट कामशास्त्रीय चिकित्सा पद्धतिको वर्णन छ । त्यसो त वात्स्यायन नै कामशास्त्र–कामसूत्रका पहिलो स्रष्टा होइनन् । उनीभन्दा अघि "नन्दी' भन्नेले एक हजार अध्यायको कामसूत्र रचेका थिए । त्यसपछि औद्दोलिक श्वेतकेतु नामक विद्वान्ले उक्त ग्रन्थलाई सानो पारेर दुई सय अध्याय जति बनाए । फेरि वात्स्यायन पांचाता भन्नेले अझ संक्षेपमा तयार पारे । त्यसपछि वात्स्यायनले यो 'कामसूत्र' बनाएका थिए ।

वात्स्यायनले उल्लेख गरेअनुसार दत्तकाचार्य, चारायणाचार्य, वीरभ‌ऽ सुवर्णनाम, कुचुभार, यशोधर आदि दर्जनौ आचार्यहरूले कामशास्त्रबारे विभिन्न ग्रन्थहरू रचेका थिए । कतिपय ग्रन्थ हराए, लोप भए । वात्स्यायनका 'कामसूत्र' माथि विभिन्न टीका र भाष्यहरू पनि रचिएका छन् । शंकराचार्य समेतले कामसूत्रमाथि व्याख्या गरेका छन् ।

वात्स्यानको कामसूत्रमा सात अधिकरण अर्थात्– सात अध्याय छन् । यीमध्ये– १. कामपुरूषार्थको आचार शास्त्र, २. श्रृंगार रसशास्त्र र ३. कामशास्त्र विषयक आचार–विचार वर्णन– यी तीन अध्याय प्रमुख मानिएका छन् । यी तीन अध्यायमा क्रमशः धर्म, अर्थ र मोक्ष– तीन पुरूषार्थलाई कुनै वाधा अड्चन नगरी 'काम' रूपी पुरूषार्थको व्यवहार र प्रयोग कसरी गर्ने भन्ने बारेको दिग्दर्शन गरिएको छ । स्त्री र पुरूषले उत्तम प्रकारको यौन–रति सुख कसरी प्राप्त गर्न सक्तछन् तथा विभिन्न ठाउँका, देशका स्त्रीपुरूष, परस्त्री, परपुरूष, वीरांगना आदिका यौनव्यवहार र प्रयोग कसरी हुने गरेका छन् भन्ने बारे व्याख्या र विश्लेषण छ ।

यस कामसूत्रले दिने तत्वज्ञान के हो त भन्दा पूर्वीय जगत्ले मानेका पुरूषार्थ धर्म, अर्थ र मोक्ष मुख्य थिए । यी तीन पुरूषार्थमा चौथो पुरूषार्थका व्याख्या– 'काम' तत्व पनि समावेश हुनु हो । यसै आधारमा पुरूषार्थ त्रय–धर्म, अर्थ र मोक्षबाट पुरूषार्थ चत्वार चार पुरूषार्थ– धर्म, अर्थ, काम र मोक्ष भनेर मान्न थालियो । वैवाहिक जीवनको सुख र समृद्धि, आनन्द भन्ने कहा "काम' को सहज उपभोगबाट मात्र प्राप्त हुन्छ । 'काम' को सहज र सुखानुभूति पूर्ण व्यवहार मानवजीवनका निम्ति अति आवश्यक छ । 'काम' व्यवहार पनि संयम र विधिपूर्वक हुनुपर्छ । नियम विधिपूर्वकको– सहमतीय–बराबरी पक्षको काम व्यवहार सुखदायी र आनन्ददायी मानिएको छ ।

वात्स्यायनको कामसूत्रमा 'काम' सेवनको तुलना मनुष्यको आहार–भोजनसँग गरिएको छ । आहार एवं कामको निश्चित सीमाबद्ध सेवन–प्रयोग गर्दा मानिस स्वस्थ र सुखी रहन सक्छ । भोजन पनि धेरै वा गरिष्ठ ढंगको भयो भने अवश्य रोगी बनिन्छ । त्यस्तै 'काम' सेवन पनि अत्यधिक भयो भने विभिन्न रोग उत्पन्न हुन्छ । क्रमशः

## कोमल अभिभावकत्व पुस्तक विमोचन



**दमक/** 'अभिभावक शिक्षा आजको आवश्यकता' भन्ने मूल नाराका साथ 'कोमल अभिभावकत्व' पुस्तकको विमोचन तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । हाम्रो बालापन नेपालका अध्यक्ष मथुरा थापाद्वारा लिखित उक्त पुस्तक प्रमुख अतिथि तथा प्रतिनिधिसभा सदस्य डा. धनञ्जय रेग्मीले औपचारिक रूपमा काठमाडौंमा आयोजित कार्यक्रममा विमोचन गरे ।

कार्यक्रममा अभिभावक, शिक्षाविद्, मनोविद् तथा विभिन्न सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । पुस्तकमा बालबालिकालाई माया, ममता, स्नेह र सकारात्मक व्यवहारमार्फत कसरी हुर्काउन सकिन्छ भन्ने विषयलाई व्यावहारिक ढंगले प्रस्तुत गरिएको जनाइएको छ ।

सो अवसरमा बोल्दै डा. धनञ्जय रेग्मीले बालबालिकाको मानसिक स्वास्थ्यप्रति अभिभावक सचेत हुनुपर्ने बताए । उनले सामान्य तनावले पनि बालबालिकामा गम्भीर असर पार्न सक्ने भएकाले उनीहरूप्रति सधैं माया र स्नेह देखाउन आवश्यक रहेको उल्लेख गरे । साथै, बालबालिकाको क्षमता विकासका लागि सकारात्मक वातावरण सिर्जना गर्नु अभिभावकको मुख्य जिम्मेवारी भएको उनको प्रतिक्रिया थियो ।

कार्यक्रममा मनोविद् डा. गंगा पाठकले बालबालिकाको भावनात्मक विकासमा अभिभावकको व्यवहार निर्णायक हुने धारणा राखे । उनले डर र दबाबभन्दा पनि सहानुभूति, समझदारी र संवादमार्फत बालबालिकालाई मार्गदर्शन गर्नुपर्नेमा जोड दिए । त्यसैगरी, साहित्यकार डा. बिदुर चालिसेले उक्त पुस्तक सबै अभिभावकका लागि उपयोगी हुने विश्वास व्यक्त गरे । कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले पनि पुस्तकले असल अभिभावक बन्न मार्गदर्शन गर्ने धारणा राख्दै शुभकामना व्यक्त गरे ।

लेखक मथुरा थापाले बालबालिकासँग काम गर्दाको लामो अनुभवलाई पुस्तकमा समेटिएको बताए । उनका अनुसार देशका विभिन्न स्थानमा देखिएका व्यवहारिक समस्या, चुनौती र समाधानका उपायहरु पुस्तकमा समावेश गरिएका छन्। यसले अभिभावक र बालबालिकाबीचको सम्बन्ध अझ सुदृढ बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा समाजसेवा, पत्रकारिता तथा शैक्षिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई सम्मान समेत गरिएको थियो। आयोजक संस्थाले यस्ता कार्यक्रममार्फत अभिभावक शिक्षा र बालअधिकारप्रति जनचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको जनाएको छ ।

# नेपालको औद्योगिक पुनर्जागरण : विगतबाट सिक्दै भविष्यतर्फ



✍ जितेन्द्र जिसी

कुनै समय यस्तो पनि थियो, जब काठमाडौंको बालाजु यन्त्रशालामा निर्माण गरिएका जलविद्युत् टर्बाइनहरू विदेशी बजारमा निर्यात हुन्थे। त्यो समय नेपाली इन्जिनियरिङ र प्राविधिक क्षमताको स्वर्णिम युग थियो। नेपालले आफ्नै स्रोत र सीपको प्रयोग गरेर अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाएको थियो। तर आज अवस्था पूर्ण रूपमा उल्टिएको छ। सियोदेखि मेसिनरी, चामलदेखि चिनीसम्म हामी आयातमा निर्भर भएका छौं। एक समय आत्मनिर्भरताको बाटोमा अघि बढेको देश अहिले परनिर्भर अर्थतन्त्रको चक्रमा फसेको छ ।

गोरखकाली रबर उद्योगका मेसिनहरू खिया लागेर थन्किएका छन्, बुटवल धागो कारखाना माकुराको जालोले ढाकिएको छ र नेपाल टिम्बर कर्पोरेसनले आफ्नै काठ कुहाएर विदेशी काठको आयात गरिरहेको छ। यी उदाहरणहरूले हाम्रो औद्योगिक क्षेत्रको दयनीय अवस्था स्पष्ट देखाउँछन्। तर अब यो अवस्थालाई केवल विगतको पीडा सम्झेर बस्ने समय होइन। नयाँ पुस्ताले यसलाई अवसरको रूपमा हेर्नुपर्नेछ ।

अर्थशास्त्रको 'सिर्जनात्मक विनाश' (Creative Destruction) सिद्धान्तले पुराना, अक्षम र जीर्ण संरचनालाई भत्काएर नयाँ, आधुनिक र प्रभावकारी प्रणाली निर्माण गर्नुपर्ने कुरा बताउँछ। विश्वका धेरै देशहरूले यही मार्ग अपनाएर आफ्नो अर्थतन्त्रलाई पुनर्जीवित गरेका छन्। उदाहरणका लागि, भियतनामले सन् १९८६ मा 'दोई मोई' नीति लागू गरी सरकारी उद्योगहरूमा सुधार ल्यायो। राज्यले पूर्वाधार र नीतिगत सहयोग गऱ्यो भने व्यवस्थापन निजी क्षेत्रलाई सुम्पियो। परिणामस्वरूप, भियतनाम आज विश्वको प्रमुख उत्पादन केन्द्रको रूपमा स्थापित भएको छ ।

त्यसैगरी, रुवान्डाले १९९४ को नरसंहारपछि ध्वस्त भएको अर्थतन्त्रलाई कृषि र औद्योगिक क्षेत्रमा सुधार गर्दै पुनर्जीवित गऱ्यो। सरकारी स्वामित्वमा रहेका चिया र कफी बगानहरूलाई निजी क्षेत्रसँग सहकार्य गरेर विश्व बजारमा ब्रान्डिङ गरियो। आज रुवान्डा अफ्रिकाको तीव्र गतिमा विकास हुने अर्थतन्त्रमध्ये एक बनेको छ ।

नेपालले पनि अब उद्योगहरूलाई पुरानै ढाँचामा सञ्चालन गर्ने सोच त्याग्नुपर्छ। बजार, प्रविधि र प्रतिस्पर्धाको स्वरूप बदलिइसकेको छ। त्यसैले उद्योगहरूको रूपान्तरण आवश्यक छ। उदाहरणका लागि, बालाजु यन्त्रशालालाई 'एडभान्स्ड इन्जिनियरिङ एन्ड इनोभेसन हब' मा परिवर्तन गरी जलविद्युत् टर्बाइन, विद्युतीय सवारीका उपकरण र चार्जिङ स्टेसन निर्माणमा केन्द्रित गर्न सकिन्छ। यसले नेपाललाई ऊर्जा र प्रविधिको क्षेत्रमा आत्मनिर्भर बनाउन मद्दत पुऱ्याउनेछ ।

गोरखकाली रबर उद्योगलाई पनि परम्परागत टायर उत्पादनबाट हटाएर विद्युतीय सवारीका लागि आवश्यक 'साइलेन्ट टायर' तथा पुराना टायर र ब्याट्री रिसाइक्लिङ गर्ने उद्योगमा रूपान्तरण गर्न सकिन्छ । यसले वातावरणीय संरक्षण र आर्थिक विकास दुवैलाई सहयोग पुऱ्याउनेछ ।

कृषि क्षेत्रमा लुम्बिनी चिनी उद्योगलाई 'इन्टिग्रेटेड एग्रो पार्क' मा रूपान्तरण गरी चिनी मात्र होइन, बायो-इथानोल र विद्युत् उत्पादन गर्न सकिन्छ। यसले इन्धन आयात घटाउने र कृषकलाई थप आम्दानी दिनेछ। जडीबुटी क्षेत्रमा नेपालले ठूलो सम्भावना बोकेको छ। कच्चा जडीबुटी निर्यात गर्ने सट्टा प्रशोधन गरी उच्च मूल्यका औषधि र सुगन्धित तेल उत्पादन गरेर अन्तर्राष्ट्रिय बजारमा बेच्न सकिन्छ ।

नेपाल टिम्बर कर्पोरेसनलाई आधुनिक 'वुड इन्जिनियरिङ' उद्योगमा रूपान्तरण गरी स्वदेशी काठबाट उच्च गुणस्तरका फर्निचर र प्रिफ्याब घर निर्माण गर्न सकिन्छ। बुटवल धागो उद्योगलाई 'टेक्निकल टेक्सटाइल' उत्पादनतर्फ मोड्दै मेडिकल कपडा, सुरक्षाकर्मीका लागि विशेष पोशाक तथा पर्यटन क्षेत्रमा प्रयोग हुने सामग्री उत्पादन गर्न सकिन्छ ।


तर, यी सबै सम्भावना सफल बनाउन व्यवस्थापन मोडेल परिवर्तन गर्न जरुरी छ । सरकारले प्रत्यक्ष रूपमा उद्योग सञ्चालन गर्नु प्रभावकारी देखिएको छैन । राज्यको भूमिका नीति निर्माण, पूर्वाधार विकास र नियमनमा सीमित हुनुपर्छ । 'गोल्डेन सेयर' मोडेल अपनाउँदै सरकारले स्वामित्व कायम राख्ने तर व्यवस्थापन निजी क्षेत्रलाई दिने व्यवस्था गर्नुपर्छ। यसले पारदर्शिता र दक्षता दुवै बढाउँछ ।

वित्तीय स्रोत जुटाउन 'डायस्पोरा बन्ड' महत्त्वपूर्ण उपाय हुन सक्छ । विदेशमा रहेका नेपालीहरूले आफ्नो पूँजी स्वदेशका उद्योगमा लगानी गर्न सक्ने वातावरण बनाउनुपर्छ। यसले रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा रूपान्तरण गर्नेछ र आर्थिक वृद्धि तीव्र बनाउनेछ । गुणस्तर नियन्त्रण पनि अत्यन्त आवश्यक पक्ष हो। अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न 'हिमालयन ब्रान्डिङ' र विश्वस्तरीय प्रमाणिकरण आवश्यक हुन्छ । नेपालमै अन्तर्राष्ट्रिय स्तरका प्रयोगशाला स्थापना गरी उत्पादनको गुणस्तर सुनिश्चित गर्नुपर्छ ।

नीतिगत सुधार बिना औद्योगिक पुनर्जागरण सम्भव छैन। उद्योगहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ। ट्रेड युनियनको दुरुपयोग नियन्त्रण गर्दै 'नो वर्क, नो पे' नीति लागू गर्नुपर्छ। साथै, विदेशी सस्तो वस्तुले स्वदेशी उद्योगलाई क्षति नपुऱ्याओस् भनेर 'एन्टी डम्पिङ' नीति लागू गर्नुपर्छ ।

अन्ततः, कुनै पनि राष्ट्रको वास्तविक शक्ति उसका उत्पादनशील उद्योगहरूमा निर्भर हुन्छ । नेपालले अब आयातमा आधारित अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ रूपान्तरण गर्नैपर्छ । बन्द उद्योगहरूलाई पुनर्जीवित गर्दै नयाँ प्रविधि र नीतिका साथ औद्योगिक क्रान्ति सुरु गर्नु समयको माग हो । यदि हामीले आजै सही कदम चाल्यौं भने, नेपाल फेरि एकपटक उत्पादन र निर्यातमा आत्मनिर्भर राष्ट्र बन्न सक्छ। अन्यथा, परनिर्भरता र बेरोजगारीको चक्रले देशलाई अझै पछाडि धकेल्नेछ । त्यसैले अब निर्णय गर्ने समय आएको छ–विगतको असफलतालाई दोहोऱ्याउने कि त्यसबाट सिकेर नयाँ भविष्य निर्माण गर्ने। खबरहब

# मुक्तिनाथको सौन्दर्य र हिउँको स्पर्श



✍ रोजिना गौतम नेपाल



चैत २१ गते शनिबार बिहान ठीक ५ बजे हाम्रो परिवारको बहुप्रतीक्षित मुक्तिनाथ यात्रा सुरू भयो। दोर्जे दाइको गाडी कृष्णभोग पार्टी प्यालेसको दैलोमा तयारी अवस्थामा थियो। झोलाझ्याम्टा मिलाउँदा सवा पाँच बजिसकेको थियो र हामी महिन्‍ाको स्कार्पियो चढेर उत्साह र जिज्ञासाले भरिएको मन लिएर यात्रामा निस्कियौं। सहरको भीडभाड र कोलाहल छाड्दै अघि बढ्दा मनमा एक प्रकारको शान्ति र नयाँ अनुभूतिको अपेक्षा जागेको थियो।

काठमाडौंबाट हिंडेको केही घण्टापछि मलेखुमा पुगेर खाजा खायौं। त्यहाँको ताजा हावाले शरीरमा नयाँ ऊर्जा भरिदियो। त्यसपछि ऐना पहरा पुग्दा हरियाली र शान्त वातावरणले मन प्रफुल्लित बनायो। केहीबेरको विश्रामपछि हामी पोखरातर्फ अघि बढ्यौं। पोखरामा स्वादिलो खाना खाएर यात्रा पुनः सुरू भयो। बाटोले हामीलाई पर्वत हुँदै बागलुङ कालिका मन्दिरसम्म पुऱ्यायो। मन्दिर परिसरको धार्मिक वातावरणले मनमा गहिरो श्रद्धा र शान्तिको अनुभूति दिलायो।

त्यसपछि कुश्माको प्रसिद्ध लामो झोलुङ्गे पुल अवलोकन गर्दा साहस र प्रविधिको अद्‌भुत संयोजन देखियो। यात्रालाई अझ रमाइलो बनाउँदै हामी म्याग्दीको तातोपानी कुण्ड र रूप्से झरना पुग्यौं। झरनाको मनमोहक दृश्य र पानीको गर्जनले सबैलाई आकर्षित गऱ्यो। साना बालबालिकादेखि वृद्धसम्म सबैले ती दृश्यलाई आˆनो मोबाइलमा कैद गर्न व्यस्त देखिन्थे।

धुलाम्मे र केही असहज बाटो पार गर्दै अन्ततः हामी जोमसोम पुग्यौं। त्यहाँको चिसो हावा, थकाली संस्कृतिको आतिथ्य र बजारको अनौठो रौनकले हामीलाई मोहित बनायो। भोलिपल्ट बिहान कागबेनीतर्फ लाग्यौं। कालीगण्डकी नदी किनारको शान्त वातावरणमा पितृ सम्झेर तर्पण गर्दा मनमा एक प्रकारको सन्तोष र कर्तव्य पूरा भएको अनुभूति भयो।

त्यसपछि हाम्रो यात्राको मुख्य गन्तव्य मुक्तिनाथतर्फ अघि बढ्यो। बाटोमा सिमसिम पानीसँगै परेको हिउँले वातावरणलाई झन् सुन्दर र रोमाञ्चक बनायो। चारैतिर सेताम्मे हिमाल र झर्दै गरेको हिउँले हामी सबैलाई मन्त्रमुग्ध बनायो। दुई जना नानीलाई घोडामा पठाएर हामी भने पैदल सिँढी चढ्न थाल्यौं। अक्सिजनको कमीका कारण सास फेर्न गाह्रो भए पनि मनको श्रद्धा र उत्साहले त्यो कठिनाइ सहज बनायो।

मुक्तिनाथ मन्दिर परिसरमा पुग्दा भारतीय लगायत विभिन्न देशका धर्मावलम्बीहरूको ठूलो भीड देखियो। कतिपय श्रद्धालुहरूले चिसोमा पनि साष्टाङ्ग दण्डवत् गर्दै आˆनो आस्था प्रकट गरिरहेका थिए। १०८ धारामा स्नान गर्दा शरीर मात्र होइन, मन पनि शुद्ध र हलुका भएको अनुभव भयो। मुक्तिनाथ हिन्दू र बौद्ध दुवै धर्मावलम्बीको साझा तीर्थस्थल रहेछ भन्ने कुरा त्यहाँको वातावरणले स्पष्ट पार्थ्यो।

मुक्तिनाथबाट फर्कँदै गर्दा ओरालो बाटोका दृश्यहरु झन् मनमोहक लागे। पुनः जोमसोम फर्केर खाना खाएपछि हामी पोखरातर्फ लाग्यौं। बेलुका पोखरा पुगेर आराम गर्दा यात्राको सम्पूर्ण थकान हराएको अनुभव भयो। अर्को दिन फेवाताल, तालबाराही मन्दिर, विन्ध्यवासिनी र पुम्दीकोटको भ्रमण गरियो। त्यसपछि मनकामना मन्दिर पुगेर यात्रा समापन गरियो, जहाँको शान्त वातावरण र चिसो हावाले शरीर र मन दुवैलाई ताजगी प्रदान गऱ्यो।

यस यात्रामा बुवा-आमाको उत्साह, नानीहरूको खुसी र काका-काकीको सहयोग महत्वपूर्ण रह्यो। उहाँहरूको साथ र हौसलाले यात्रा अझ सहज र स्मरणीय बन्यो। गोरखा दरबारको अवलोकनपछि हामी काठमाडौं फर्कियौं।

यो यात्रा केवल धार्मिक गन्तव्यमा पुग्ने माध्यम मात्र नभई परिवारसँग बिताएका अमूल्य क्षणहरूको संगालो थियो। प्रकृतिको अनुपम सौन्दर्य, हिउँको चिसोपन र आस्थाको गहिरो अनुभूतिले यस यात्रालाई जीवनभर सम्झनलायक बनाइदियो। मुक्तिनाथले हामीलाई केवल दृश्य सौन्दर्य मात्र होइन, आत्मिक शान्ति र जीवनप्रतिको नयाँ दृष्टिकोण पनि प्रदान गऱ्यो ।

# गुमनाम भिलेनहरू : पर्दाका डर, जीवनका संघर्ष







नेपाली फिल्मको कथा भन्नु पर्दा नायक र खलनायकबीचको द्वन्द्व छुटाउनै नसकिने तत्व हो। वास्तवमा, खलनायक जति बलियो हुन्छ, नायक त्यति नै महान् देखिन्छ । तर विडम्बना के छ भने, फिल्म सफल हुँदा चर्चा सधैं नायक–नायिकाको हुन्छ, खलनायक भने ओझेलमै पर्छन् । उनीहरूको योगदान कथा निर्माणमा अत्यन्त महत्त्वपूर्ण भए पनि सामाजिक रूपमा उनीहरूलाई आदर्शको रूपमा हेरिँदैन ।

खलनायक कलाकारहरूले पर्दामा देखाएको क्रुरता, बेइमानी र अपराधका दृश्यहरु कतिपय दर्शकले वास्तविक ठान्ने गर्छन्। त्यसैले उनीहरूलाई वास्तविक जीवनमा भेट्दा डराउने, दूरी बनाउने जस्ता घटना पनि भएका छन् । यसलाई एकातिर कलाकारको जीवन्त अभिनयको सफलता मान्न सकिन्छ भने अर्कोतिर यसले उनीहरूको सामाजिक प्रतिष्ठामा नकारात्मक प्रभाव पार्ने गरेको देखिन्छ ।

डेढ दशकअघि नेपाली फिल्मका खलनायकहरु साँच्चै नै डरलाग्दा देखिन्थे। उनीहरूको कदकाठी, आँखा, अनुहारको बनावट र हाउभाउ नै दर्शकलाई डराउने खालका हुन्थे। त्यस समय फिल्ममा यिनै खलनायकहरूको रजगज थियो । तर समयसँगै नेपाली फिल्मको धार परिवर्तन भयो। यथार्थवादी, आर्ट र कमेडी फिल्महरु बढ्न थालेपछि परम्परागत खलनायकको भूमिका विस्तारै घट्दै गयो ।

यस परिवर्तनले धेरै स्थापित खलनायक कलाकारहरुलाई प्रभावित ग¥यो । उदाहरणका रूपमा राजीव मानन्धर 'टार्जन'लाई लिन सकिन्छ । शारीरिक बनावटकै कारण उनी 'डरलाग्दा खलनायक'का रूपमा चिनिन्थे। उनी लामो समय भारतका भोजपुरी, मराठी र दक्षिण भारतीय फिल्ममा व्यस्त रहे। तर नेपाल फर्किएपछि उनलाई अपेक्षित रूपमा अवसर नआएको गुनासो छ। उनी भन्छन्—काम माग्न जाने बानी नभएकाले र पारिश्रमिक नमिल्दा धेरै फिल्म अस्वीकार गर्नुपरेको हो ।

त्यस्तै, सुशील पोखरेल आफू फिल्मबाट हराएको भन्ने भ्रमप्रति स्पष्ट छन्। उनी अझै फिल्म क्षेत्रमै सक्रिय भए पनि पर्दामा कम देखिएको स्वीकार गर्छन्। अभिनयबाहेक अन्य जिम्मेवारीमा रहेर काम गरिरहेका उनीजस्ता कलाकारहरु दर्शकको नजरबाट भने ओझेलमा परेका छन् ।

मुकुन्द श्रेष्ठको कथा पनि फरक छैन। कुनै समय पोस्टरमै उनको अनुहार देखिँदा फिल्म चल्ने अवस्था थियो। तर दोहोरिने कथा र शैलीबाट वाक्क भएर उनले फिल्मबाट विश्राम लिए। पछि पृथक कथा र चुनौतीपूर्ण भूमिकाका कारण पुनः फर्किएका उनी अहिले नयाँ धारका फिल्मतर्फ आकर्षित देखिन्छन् ।

राजेन्द्र खड्गी र मुकुन्द थापा जस्ता खलनायकहरु पनि पछिल्लो समय फिल्ममा कम देखिए पनि सामाजिक सञ्जालमार्फत दर्शकसँग जोडिएका छन्। विशेषगरी टिकटक र अन्तर्वार्तामार्फत उनीहरु चर्चामा रहिरहेका छन् । समग्रमा हेर्दा, नेपाली फिल्ममा खलनायकहरूको भूमिका घट्दै गएको यथार्थ छ। तर उनीहरूको योगदान भने कहिल्यै सानो हुन सक्दैन। कथा जति बलियो बनाउन नायक आवश्यक हुन्छन्, त्यत्तिकै खलनायक पनि अपरिहार्य हुन्छन् । आज गुमनाम देखिएका यी भिलेनहरु वास्तवमा नेपाली सिनेमाका आधारस्तम्भ हुन्, जसको योगदानलाई समयले अवश्य पुनः मूल्यांकन गर्नेछ ।

# चन्द र आनन्द अरुणलाई वसुन्धराश्री पुरस्कार



**दमक**/ वसुन्धरा-मान प्रज्ञाप्रतिष्ठानले यस वर्षको वसुन्धराश्री पुरस्कार वरिष्ठ साहित्यकार लोकेन्द्रबहादुर चन्दलाई प्रदान गर्ने भएको छ । प्रज्ञाप्रतिष्ठानका कुलपति डा दुबसु क्षेत्रीका अध्यक्षतामा आइतबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

उत्कृष्ट आधुनिक कथा, नाटक र निबन्धको सिर्जनाद्वारा नेपाली साहित्यलाई सार्थक, समृद्ध र समुन्नत बनाई नेपाली वाङ्मयलाई वैभवशाली तथा गरिमामय बनाउन विशिष्ट योगदान गरी विश्व समुदायमा नेपाली भाषा र साहित्यको स्थान तथा पहिचान उच्च र अक्षुण्ण राख्न योगदान दिएकाले वरिष्ठ साहित्यकार चन्दलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठानका सदस्य-सचिव कृसु क्षेत्रीले जानकारी दिए ।

विसं १९९७ मा बैतडीमा जन्मिएका वरिष्ठ साहित्यकार एवं पूर्वप्रधानमन्त्री चन्दका विसर्जन, हिउँको तन्ना, बाह्रौं खेलाडी, अपराजिता र 'नेताका साथी'लगायत कृति प्रकाशित छन् ।

यसैगरी, प्रज्ञाप्रतिष्ठानको बैठकले यस वर्षको मानश्री पुरस्कार बोधिसव स्वामी आनन्द अरुणलाई प्रदान गर्ने निर्णय गरेको छ । नेपाल तथा विश्वका विभिन्न मुलुकमा योग, ध्यान र आध्यात्मिक दर्शन तथा साहित्यको विकास र विस्तारद्वारा नेपाली वाङ्मय तथा सभ्यताको उन्नयनमा महत्वपूर्ण योगदान दिएर विश्वसमुदायमा नेपाली अध्यात्म, दर्शन र सभ्यताको विशिष्ट स्थान, पहिचान तथा सम्मान अभिवृद्धिमा योगदान दिएकाले स्वामी आनन्द अरुणलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठान सदस्य-सचिव कृसु क्षेत्रीले जानकारी दिए ।

विसं २००१ मा जनकपुरमा जन्मिएका आनन्द अरुणका अन्तरयात्रा, सन्तगाथा, सन्तदर्शन र 'अचम्म जे देखें मैले' लगायतका कृति प्रकाशित छन् । आनन्द अरुणका कृतिहरू अङ्ग्रेजी, हिन्दी, जापानी र रुसी भाषामा समेत अनूदित छन् । दुवै पुरस्कारको राशि जनही रु ७५ हजारसहित सम्मान पत्र रहेको छ ।



## पुस्तक

## नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

### एकीकरण पहिले नेपालको राजनीतिक

क्रमागतः

एक वर्ष पुगेपछि मकवानपुरबाट दुलही लिन आउनु भन्ने खबर आयो । आफ्ना विश्वस्त सहयोगीका साथ पृथ्वीनारायण शाह मकवानपुर पुगे । विवाह हुँदा दुलहीले लगाएको नौलाखे हार र दुलहाले चढेको एकदन्ते हात्ती पाउनुपर्ने माग गोर्खाली पठाको रह्यो तर जेठान दिग्बन्धन सेनले दिन इन्कार गरे। यसरी यसपटक पनि झगडा भयो र पृथ्वीनारायण शाह दुलही नलिई फर्किए। फर्कदा उनीहरू टिस्टुङ, पालुङको बाटो भएर फर्किए । बाटामा चन्द्रागिरीको शिखरबाट काठमाडौं उपत्यकाको अवलोकन गर्दा पृथ्वीनारायण शाह ज्यादै प्रभावित भए । उनले त्यसै बखत तीन शहर नेपालको राजा हुने सङ्कल्प गरेको कुरा दिव्य उपदेशमा उल्लेख छ । मकवानपुरसँगको वैवाहिक सम्बन्ध असफल भएपछि उनको दोस्रो विवाह बनारसका राजपूत अहिमानसिंहकी छोरी नरेन्द्रलक्ष्मीसँग सम्पन्न गरियो ।

**लमजुङसँग सन्धी**

लमजुङ र गोर्खाबीच पुख्यौंली वैरभाव थियो। गोर्खा पूर्वतिर बढ्दा लमजुङले पछाडिबाट आक्रमण गरी गोर्खालाई सङ्कटमा पारिदिन सक्थ्यो । तसर्थ पृथ्वीनारायण शाहका मामा पाल्पाका राजकुमार उद्योतसेनले उनलाई अर्ती दिंदै भनेका थिए, "लमजुङ भन्याको गरुड हो. गोर्खा भन्याको सर्प हो. नेपाल भन्याको भ्यागुतो हो. अघि गरुडको आँखा छलनु. तब सर्पले भ्यागुतो खान पाउँछ ।" यो सल्लाह उचित मानी गोर्खाबाट कालु पाण्डेलाई लमजुङसँग सन्धि गर्न पठाइयो । जनवरी २१, १७४० (वि.सं. १७९६) मा गोर्खा र लमजुङबीच निम्नानुसार सन्धि गरियो-

(१) गोर्खा र लमजुङबीच मित्रता कयाम गर्ने ।

(२) कास्कीको अर्धीमाथि लमजुङले आक्रमण गर्दा गोर्खाले लमजुङलाई मदत गर्ने ।

(३) गोर्खा पूर्वतर्फ बढ्दा लमजुङले बाधा नदिने ।

(४) अर्धीमाथि लमजुङको अधिकार भएमा पनि त्यस क्षेत्रका काठ कास्कीलाई नै दिने ।

यसप्रकार यो सन्धिले लमजुङको वैरभावलाई केही कालका लागि भए पनि मत्थर पारेको थियो ।

**भक्तपुरसँग मितेरी सम्बन्ध**

नेपाल उपत्यकाका तीनवटा मल्ल राज्यहरूको राजनीतिक परिस्थिति बुझ्न वि.सं. १७९८ मा पृथ्वीनारायण शाहलाई पठाइयो । उनी केही दिन ललितपुरका राजा विष्णु मल्लको पाहुना भई बसे । त्यसपछि भक्तपुर गएर निकै समय रहे । भक्तपुरमा उनले त्यहाँका युवराज वीरनरसिंह मल्लसँग मीत लगाए । त्यहाँका राजा रणजित मल्लको पगरीसँग आफ्ना पिताको पगरी साटी मैत्री सम्बन्ध कायम गरे । भक्तपुरमा बस्दा उनले शोभावती नाम गरेकी केटीलाई आफ्नी भित्रेनी बनाएका थिए । कान्तिपुरका राजा जयप्रकाश मल्लसँग पनि मित लगाई केही दिन उनका पाहुना भएर

**एकीकरण अभियानको तयारी**

नुवाकोटको पराजयपछि पृथ्वीनारायण शाहले एकीकरण अभियरुरुरु रुरु निम्नानुसार तयारी गर्नेत आफ्नो ध्यान केन्द्रित गरे । क्रमशः

# विदेशी विद्यार्थीका लागि एमबीबीएस सिट पहिलोपटक शतप्रतिशत भरिँदै

नेपालमा एमबीबीएस कार्यक्रमतर्फ विदेशी विद्यार्थीका लागि छुट्याइएका सिटहरु यस वर्ष पहिलोपटक शतप्रतिशत भरिने भएका छन्। चिकित्सा शिक्षा आयोगका अनुसार चालु शैक्षिक वर्षका लागि विदेशी विद्यार्थीका लागि ७४९ सिट निर्धारण गरिएकोमा सबै सिटमा भर्ना हुने तयारी पूरा भएको छ । सूचना अधिकारी अर्जुन ढकालका अनुसार अघिल्ला वर्षहरूमा केही सिट खाली रहने र ती सिट नेपाली विद्यार्थीका लागि पुनः खुला गरिन्थ्यो, तर यस वर्ष यस्तो अवस्था नआउने देखिएको छ ।

गत वर्ष सन् २०२५ मा विदेशी विद्यार्थीका लागि ५९४ सिट छुट्याइएको थियो, तर ४८२ जना मात्र भर्ना भएका कारण ११२ सिट नेपाली विद्यार्थीका लागि उपलब्ध गराइएको थियो। यस वर्ष भने विदेशी विद्यार्थीको आकर्षण उल्लेखनीय रूपमा बढेको देखिन्छ ।


यसै वर्ष एमबीबीएस कार्यक्रमको कुल सिट संख्या पनि वृद्धि गरिएको छ । यसअघि २१४० सिट रहेकोमा ४९५ सिट थप गरी कुल संख्या २६३५ पुर्‍याइएको छ । यी सिटहरु देशभरका २७ वटा मेडिकल कलेजहरूमा वितरण गरिएका छन् । विदेशी विद्यार्थीका लागि सबैभन्दा धेरै ६५ सिट चितवनको कलेज अफ मेडिकल साइन्सेसले पाएको छ । त्यसपछि मणिपाल कलेज अफ मेडिकल साइन्सेजले ६० सिट पाएको छ भने अन्य कलेजहरु–जस्तै विराट, काठमाडौं, चितवन, किस्ट, लुम्बिनी, गण्डकी लगायतले ४० देखि ४३ सिटसम्म पाएका छन् ।

त्यसैगरी, नेपाल मेडिकल कलेज, नोबेल मेडिकल कलेज, नेपालगञ्ज मेडिकल कलेज लगायतका संस्थाहरूले पनि उल्लेख्य सिट पाएका छन् । केही सरकारी तथा शैक्षिक प्रतिष्ठानहरु जस्तै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, महाराजगञ्ज मेडिकल क्याम्पस र विभिन्न एकेडेमीहरूले पनि सीमित सिट प्राप्त गरेका छन् ।

विदेशी विद्यार्थीमध्ये सबैभन्दा बढी भारतबाट आउने गरेका छन्। भारतको NEET परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले नेपालमा सिधै आवेदन दिन पाउने व्यवस्था छ । उनीहरूको मेरिटका आधारमा सिट बाँडफाँट गरिन्छ । साथै, आयोगले आˆ नै प्रवेश परीक्षा पनि सञ्चालन गर्ने गर्छ ।

नेपालमा एमबीबीएस अध्ययनका लागि विदेशी विद्यार्थीले औसतमा करिब १ करोड रूपैयाँ खर्च गर्नुपर्ने अनुमान छ । पछिल्लो समय नेपाली मेडिकल शिक्षा अन्तर्राष्ट्रिय रूपमा पनि लोकप्रिय बन्दै गएको छ, जसका कारण यहाँ अध्ययन गर्ने विदेशी विद्यार्थीको संख्या बढ्दै गएको देखिन्छ ।

# लोकगीत 'बिर्सुं कसरी' सार्वजनिक



नवराज गौतमको लोकगीत 'बिर्सुं कसरी' सार्वजनिक भएको छ । गीतमा मोतिराज खनाल र लोकप्रिय गायिका शान्तिश्री परियारको स्वरमा सार्वजनिक भएको हो ।

गीतको शब्द स्वयम्रु गौतमले लेखेका हुन् भने संगीत संयोजन मोतिराज खनालकै रहेको छ। गीतमा महेन्द्र भण्डारीको संगीत संयोजन गरेका छन् । मारुनी डिजिटल रेकर्डिङ स्टुडियोमा तयार गीतमा सुमन रानाले रेकर्डिङ र कुमार रानाले मिक्सिङको काम गरेका छन् ।

गीतको म्युजिक भिडियोमा नवराज गौतमसँगै सरिता ढुंगाना, भगवान भण्डारी, चन्दा बिडारी, कमला भुजेल, सागर गिरी, गीता खनाल, कृष्टीना शाह, सरिता कुवर, सिद्धार्थ कँडेल, साइब्रीना थिङ, बिक्रम थापा, लक्ष्मण खड्कालगायतका कलाकारहरूको सशक्त अभिनय रहेको छ । भिडियो निर्देशन देवेन्द्र कुवँरले गरेका छन् भने छायांकन दीपक गिरी र सम्पादन राजेश कुमारले गरेका हुन् ।

# चलचित्र पत्रकार संघको अध्यक्षमा पुनः समिर बलामी निर्वाचित



**दमक/** चलचित्र पत्रकार संघ नेपालमा पुनः समिर बलामी नेतृत्वको टिम विजयी भएको छ । शनिबार भएको निर्वाचनमा अध्यक्षमा समिर बलामी दोब्बर मतान्तरमा विजयी भएका हुन्। निर्वाचनमा कुल १४० मत खसेकोमा बलामीले सर्वाधिक ९५ मत प्राप्त गरेका छन्। उनको प्रतिस्पर्धी जीवन पराजुलीले ४२ मत प्राप्त गरे।

बलामी यसअघि अध्यक्ष थिए भने पराजुली पूर्व उपाध्यक्ष रहेका थिए। बलामी फिल्मीफण्डाको सञ्चालकसहित सम्पादक रहेका छन् भने पराजुली ठूलोपर्दाको सञ्चालकसहित सम्पादक रहेका छन्।

निर्वाचनबाट उपाध्यक्ष (संगठन)मा रघुनाथ सापकोटा विजयी भएका छन् । उपाध्यक्ष (कार्यक्रम)मा कुमार आचार्य निर्विरोध निर्वाचित भएका छन भने उपाध्यक्ष (महिला)मा दिपज्योति थापा ७५ मतसहित विजयी भएकी छन् ।

त्यस्तै महासचिवमा गोपीकृष्ण चापागाई विजयी भएका छन्। सचिवमा मदन रिजाल, सचिव ९समावेशी०मा महम्मद जालिम निर्विरोध निर्वाचित भएका छन्। त्यस्तै कोषाध्यक्षमा मनिष अन्जान, सह–कोषाध्यक्षमा अर्जुन गुरागाई विजयी भएका छन् । त्यस्तै सदस्यहरूमा सदस्यहरूमा सोजना विक लोहार, सुशिल नेपाल, दिनेश थापा, नविन चापागाई, रतन बहादुर चन्द, युवर्ण पौडेल, दिपराज क्षेत्री, सालिकराम न्यौपाने विजयी भएका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल वैशाख १२ गते शनिबार
25 April 2026
तिथि: नवमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | कारोबारमा समस्या, अपरान्हबाट धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | आम्दानी बढ्ने, नयाँ समान जोड्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | दिदीबैनीको सहयोग, कार्यमा सुधार । |
| मकर | भो जा जी खि खू खे खो गा गी | रोगको भय, खर्च बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शत्रुको भय, पुरुषार्थ बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | सामान्य लाभ, काम बन्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | वादविवाद, रोजगारीको अवसर । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | पारिवारिक कलह, आंशिक लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्र सहयोग, कार्य सफलता । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | स्वास्थ्य समस्या, अपरान्हबाट केही लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पढाईमा रुची, धन लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | धन लाभ, मावलीको सहयोग । |

# विदेशमा द्वन्द्वमा परेका नेपालीको उद्धारमा सरकार संवेदनशिल

**दमक/** परराष्ट्र मन्त्रालयले पश्चिमी एसिया क्षेत्रमा जारी द्वन्द्वका कारण त्यहाँ रहेका नेपाली नागरिकहरूको सुरक्षा र हितमा विशेष संवेदनशीलता अपनाइरहेको जनाएको छ। शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नेपालले उक्त क्षेत्रको घटनाक्रमलाई नजिकबाट नियालिरहेको बताएका हुन् ।

उनका अनुसार पश्चिमी एसियामा ठूलो संख्यामा रहेका नेपालीहरूको सुरक्षाका लागि सरकार निरन्तर सक्रिय छ । विशेषगरी तेहरानमा रहेका १० जना नेपालीमध्ये २ जना नेपाल फर्कने तयारीमा छन् भने बाँकी ८ जनाले तत्काल फर्कन नचाहेको जानकारी प्राप्त भएको छ ।

प्रवक्ताले इरानमा द्वन्द्व अघि पक्राउ परेका नेपाली नागरिक अमृत भगा संलग्न पानीजहाजसम्बन्धी मुद्दामा अदालतबाट एक चरणको फैसला भई चार जना रिहा भइसकेको बताए। बाँकी आर ोपीहरूको रिहाइ प्रक्रिया अघि बढिरहेको भए पनि इरानको वर्तमान अवस्था र कानुनी प्रक्रियाका कारण विषय टुंगिन केही दिन लाग्न सक्ने उनले उल्लेख गरे ।

त्यसैगरी कम्बोडियामा विभिन्न आपराधिक गतिविधिमा संलग्न भएको आरोपमा ९ जना नेपाली पक्राउ परेको मन्त्रालयले जनाएको छ। दक्षिणपूर्वी एसियाली देशहरूमा रहेका नेपालीको उद्धारका लागि थाइल्याण्ड र म्यानमारस्थित नेपाली दुतावासको पहलमा हालसम्म ६१२ जना नेपालीलाई सुरक्षित रूपमा उद्धार गरिएको पनि जानकारी दिइएको छ । मन्त्रालयले विदेशस्थित नेपालीहरूको सुरक्षा सुनिश्चित गर्न कूटनीतिक संयन्त्र सक्रिय रूपमा परिचालन भइरहेको स्पष्ट पारेको छ ।

# हर्मुज जलमार्गमा अमेरिकी नाकाबन्दीप्रति चीनको आपत्ति

**काठमाडौं/** इरानको हर्मुज जलमार्गमा अमेरिकाले गरेको नाकाबन्दीप्रति चीनले कडा आपत्ति जनाएको छ। अमेरिकी कदमलाई चीनले गैरजिम्मेवारपूर्ण कदमका रूपमा व्याख्या गरेको छ। यसले क्षेत्रीय तनाव थप चर्काउने र नाजुक युद्धविरामलाई झनै कमजोर पार्ने चेतावनी चीनले दिएको छ। अमेरिकी राष्ट्रपति डनल्ड ट्रम्पले इरानी बन्दरगाहतर्फ जाने वा त्यहाँबाट निस्कने जहाजहरूलाई लक्षित गर्दै कडा सैन्य कारबाहीको चेतावनी दिएपछि बेइजिङले यस्तो प्रतिक्रिया दिएको हो ।

शान्ति वार्ता निष्कर्षविहीन बनेपछि ट्रम्प प्रशासनले खाडी क्षेत्रमा इरानी बन्दरगाह र तटीय मार्गहरूमा आवतजावत गर्ने जहाज अवरुद्ध गर्ने निर्णय गरेको थियो । अमेरिका र इरानबीच दुई हप्ताको युद्धविराममा सहमति भए पनि फेरि नाकाबन्दी कार्यान्वयनमा आएको हो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा अमेरिकाले सैन्य उपस्थिति बढाउँदै लक्षित नाकाबन्दी लागू गर्नुले तनाव कम गर्नुको सट्टा झन् बढाउने धारणा व्यक्त गरे। उनले यस्तो कदमले पहिले नै संवेदनशील अवस्थामा रहेको युद्धविरामलाई कमजोर बनाउने मात्र नभइ हर्मुजबाट हुने अन्तर्राष्ट्रिय जलयातायातको सुरक्षामा समेत गम्भीर जोखिम उत्पन्न गर्ने बताए ।

# अमेरिका-इरानबीचको वार्ता निष्कर्षविहिन

एजेन्सी । ४४ दिनअघि सुरु भएको युद्ध अन्त्यका लागि इस्लामाबादमा भएको अमेरिका-इरानबीचको वार्ता बिनानिष्कर्ष टुंगिएको छ । शनिबार सुरु भएको वार्ता आइतबार बिहानसम्म २१ घन्टा चल्दा दुवै पक्षबाट विभिन्न दस्तावेज आदानप्रदान हुँदै व्यापक छलफल भयो । तर, सहमति हुन सकेन । शनिबार अमेरिकी टोली पाकिस्तानमा अवतरणपछि वार्ता असफल हुँदासम्म के-के भयो ?

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेको चालिसौं दिनमा गत अप्रिल ८ मा भएको दुई साताको अस्थायी युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न भएको अमेरिका-इरान वार्ता सहमतिमा पुग्न सकेन । शनिबार सुरु भएको वार्ता आइतबार बिहानसम्म कुल २१ घन्टा चल्यो ।

दुवै पक्षका प्रस्तावमाथि लामो छलफल भयो । तर, सहमति हुन सकेन । अमेरिकी टोलीको नेतृत्व गर्नुभएका उपराष्ट्रपति जेडी भान्सले वार्ता सहमतिमा पुग्न नसकेको घोषणा गरे । इरानमाथि परमाणु कार्यक्रम त्याग्न दबाब दिने उद्देश्यले अमेरिका र इजरायलले गत फेब्रुअरी २८ का दिन संयुक्त आक्रमण गरेका थिए ।

# खेलकुदमा हुने राजनीतिकरण हटाउने तयारी

**दमक/** नेपालमा खेलकुदका नियमनकारी निकायदेखि राष्ट्रिय खेलकुद परिषद्सम्म राजनीतिक नियुक्तिको प्रभाव गहिरो देखिएको छ । लामो समयदेखि यी निकायहरू राजनीतिक भागबन्डाको आधारमा सञ्चालन हुँदै आएकाले विषयविज्ञ र खेलकर्मीहरू पछाडि पर्दै आएका छन्। यसले खेलकुदमा व्यावसायिकताभन्दा दलप्रतिको निष्ठालाई प्राथमिकता दिएको आरोप लाग्दै आएको छ । यही अवस्थालाई सुधार गर्न बालेन्द्र शाह नेतृत्वको सरकारले खेलकुद क्षेत्रमा राजनीतिक नियुक्ति खारेज गरी पेशागत नेतृत्व ल्याउने घोषणा गरेको छ। यस कदमले खेलकुद क्षेत्रमा सुधार आउने अपेक्षा गरिएको छ ।

विगतमा केपी शर्मा ओलीले ध्रुव आचार्यलाई उपाध्यक्ष बनाएका थिए, जसको खेलसँग प्रत्यक्ष सम्बन्ध थिएन। परिषद्का ३८ सदस्यसमेत राजनीतिक कोटामा नियुक्त भएको उदाहरण छ। त्यस्तै तेजुलाल चौधरीले आफ्नै विद्यालयकी प्रधानाध्यापकलाई बोर्ड सदस्य बनाएको घटना पनि आलोचित बनेको थियो ।

खेल संघहरूमा पनि यस्तै अवस्था देखिन्छ। अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुलसा थापाको खेलसँग सम्बन्ध नभएको भन्दै प्रश्न उठेको छ। त्यस्तै अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङ र नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द पनि नेतृत्वमा आउनुअघि खेल क्षेत्रमा सक्रिय नभएको टिप्पणी हुने गरेको छ ।

विशेषज्ञहरूका अनुसार नीतिगत तहमा राजनीतिक सहभागिता उपयोगी भए पनि क्षमता र अनुभव नभएका व्यक्तिलाई जिम्मेवारी दिँदा खेलभन्दा 'चलखेल' बढ्ने खतरा हुन्छ। सिद्धार्थविक्रम पाँडे र नारायण प्रधानले पनि पेशागत नेतृत्व आवश्यक रहेको बताएका छन्।

सरकारको नयाँ प्रतिबद्धताले सुधारको आशा जगाएको भए पनि वास्तविक परिवर्तन कार्यान्वयनमै निर्भर रहने देखिन्छ ।

***बस्ती*......**कार्यालय बोलाएर यस्तो निर्देशन दिएका हुन् ।

**सर्वोच्चमा रिट दायर**

काठमाडौं उपत्यकाका नदी किनारमा बसोबास गर्दै आएका सुकुमवासीहरूलाई हटाउने सरकारी निर्णयविरुद्ध जेनजी अधिकारकर्मी र कानुन व्यवसायीहरूले सर्वोच्च अदालतमा रिट दायर गरेका छन्। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, प्रहरी मुख्यालय र काठमाडौं महानगरपालिकालाई विपक्षी बनाइएको छ ।

निवेदकहरूले सुकुमवासी बस्तीमा डोजर चलाउने कार्य तत्काल रोक्न अन्तरिम आदेश माग गरेका छन्। रिटमा स्पष्ट वैकल्पिक व्यवस्था बिना अचानक विस्थापन गर्नु न्यायसंगत नहुने दाबी गरिएको छ ।

अधिवक्ताहरू तनुजा पाण्डे, सुशान्त नेपाली, अर्णव चौधरी, प्रज्वल विक्रम राणा, ओजस्वी भट्टराई, कविता राई, विकास कुमार गुप्ता तथा कानून विद्यार्थी माजिद अन्सारीसहितको टोलीले रिट दायर गरेको हो। थापाथली क्षेत्रका एक बासिन्दा पनि निवेदनमा सहभागी छन् ।

निवेदकहरूले सरकारको कदम मानवअधिकारविरुद्ध भएको भन्दै सुकुमवासीलाई तत्काल विकल्पसहित मात्र व्यवस्थापन गर्नुपर्ने माग गरेका छन् ।

***सम्पत्ति*.....**व्यक्तिलाई बोलाएर बयान लिन सक्ने अधिकार पनि आयोगसँग रहनेछ। सरकारले गठन गरेको आयोगमा पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी र प्रकाश लम्साल सदस्य रहेका छन्। आयोगलाई २०६३/६४ देखि २०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका राजनीतिक तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति जाँचबुझ गर्ने अधिकार दिइएको छ।

***काङ्ग्रेसले*.....**

सांसद मोहन आचार्यलाई बोक्दा उपसभापति शर्माले समानुपातिक सांसद आङ्देम्बेलाई साथ दिएको बताइएको छ ।

उता सभापति थापाका ससुरासमेत रहेकका अर्का समानुपातिक सांसद अर्जुननरसिंह केसीले सहमति नबनेको अवस्थामा आफू चुनावी प्रतिस्पर्धाका लागि तयार रहेको बताएका छन् । शीर्ष नेताबीचको मतभेद र दाबेदारबीच पनि एकमत हुन नसक्दा शुक्रबारका लागि तोकिएको दलका नेताको निर्वाचन नै भाँडिएको छ ।

***नागरिक*....**आगामी दिनमा पनि नगरपालिकाबाट सहयोगको अपेक्षा राखेको जनाए ।

ट्राफिक व्यवस्थापन तथा सहरी व्यवस्थापनका बारेमा नगरप्रमुख थापाले सवै निकायहरू विचको समन्वयमा काम भई रहेको जनाए । नगरको प्राथमिकतामानै फोहर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, सहरी सुधार लगायतका विषय रहेकाले सवै पक्षको समन्वयबाट प्रभावकारी कार्य सम्पादन गर्न सकिने जनाएका थिए ।

नगरबासीले फोहर व्यवस्थापनको प्रभावकारी व्यवस्थापनको खाँचोका बारेमा राखेको प्रश्नको जवाफमा उनले अघिल्लो कार्यकालकै समयमा फोहर व्यवस्थापनको काम निजी क्षेत्रलाई दिईएको र सो जिम्मेवारी पाएको निकायलाई प्रभावकारी काम गर्न आग्रह गर्दै आएको जनाए । आवश्यकता अनुसार नगरले पनि त्यस कार्यमा समन्वय गरि रहेको उनको भनाई थियो । भिन्न मिडीया एण्ड रिसर्च प्रालिको समन्वयमा भएको कार्यक्रममा आ-आफ्ना वडाका सन्दर्भमा उठेका प्रश्न तथा जिज्ञासाको सम्वन्धित वडाका अध्यक्षहरूले जवाफ दिएका थिए । यस्तै दमक भित्र रहेका विभिन्न सरकारी कार्यालयहरूको सेवा प्रवाहका बारेमा समेत प्रश्न तथा जिज्ञासा उठेका थिए । त्यसको सम्वन्धित कार्यालयका प्रमुख तथा प्रतिनिधीहरूले जवाफ दिएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले नागरिक प्रति जवाफदेही बन्न, नागरिकप्रतिको सवालजवाफ र सुझावलाई दमक नगरपालिका क्षेत्रभित्रका सेवाप्रदायक संस्थाहरूसँग एउटा थलोमा सम्बोधन गर्ने हेतुले सार्वजनिक सुनुवाई आयोजना गरिएको बताए । उनले भने- नगरपालिकाले नसुनेका, नगरपालिकाले नबुझेका र नगरपालिकालाई थाहा नभएका विषयहरू पनि हुनसक्छन जसलाई नागरिककै स्वरबाट आफ्नै आगनमा सुन्ने, बुझ्ने र मनन गर्ने थलो सार्वजनिक सुनुवार्य भएको सुझाए ।

उनले विषम परिस्थितिका बाबजुद पनि नगरपालिकाले जनताका काममा कुनै कन्जुस्याई नगरेको स्पष्ट पार्दै आर्थिक वर्ष ०८२/०८३ मा शिक्षा, स्वास्थ्य, खेलकुदलगायत विविध क्षेत्रमा भए गरेका कामहरूको प्रगति विवरण संक्षेपमा सुनाए।

उनले १ अर्ब ६३ करोड ३३ लाख २३ हजार बढी रकम बजेट विनियोजन भएकोमा १ अर्ब ३३ करोड ४९ लाख ६८ हजार बढी रकम आम्दानी भएको बताए । त्यो मध्ये चालु खर्चमा ५२ लाख ६३ हजार ६ सय ४८ रूपैयाँ छ भने पुँजीगत तर्फ ६२ लाख ६८ हजार बढी खर्च भएको बताए । नगरपालिकाले१ अर्ब ३० करोड २१ लाख बढी रकम खर्च गरेको फेहरिस्ता सुनाए ।

जेनजी आन्दोलनको कारण परेको प्रभाव, संघीय सरकारको निर्देशन बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि तय गरिएको बजेटमा १० प्रतिशत कट्टा गरी योजना / कार्यक्रम संचालन गरिएको बताए ।

# महर बने एमाले प्रमुख सचेतक

दमक । नेकपा एमालेले संसदीय दलको प्रमुख सचेतकमा ऐन महरलाई मनोनीत गरेको छ । संसदीय दलका नेता रामवहादुर थापा बादलले बझाङबाट निर्वाचित महरलाई प्रमुख सचेतक मनोनीत गरेका हुन् । यस्तै निशा घतानीलाई सचेतकको जिम्मेवारी दिइएको छ ।

***झापामा*....**जना चालकले मदिरा सेवन गरि सवारी हाँकेको पाइएको डीएसपी खड्काले बताए । लागूऔषध तथा मदिरा सेवन गरेका ६ जनालाई सोधपुछ तथा नियन्त्रणमा लिने क्रममा प्रहरीलाई नै गालीगलौज तथा दुर्व्यवहार गरेकोले उनीहरूमाथि मुलुकी फौजदारी संहिता २०७४ अन्तर्गत सार्वजनिक स्थलमा अभद्र व्यवहार कसूरमा दर्ता गरि अनुसन्धान अगाडी बढाइएको डीएसपी खड्काले बताए ।

मेचीनगर ७ बस्ने बर्ष ३२ का सन्तोष सिवाकोटी,बिर्तामोड ६ बस्ने बर्ष २८ का सुरज चौधरी, शिवसताक्षी ११ बस्ने बर्ष ४५ को निर्मल सिटौला, मोरङ उर्लाबारी ८ बस्ने बर्ष २३ का दिवस लिम्बू , मकवानपुर हेटौडा ५ बस्ने बर्ष ३१ का रबिन्द्र अर्याल र मेचीनगर ८ बस्ने बर्ष ४० का सुमन न्यौपानेलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

# अतिक्रमित फुटपाथ हटाउन सुरु

**विराटनगर/** विराटनगर महानगरपालिकाले बजार क्षेत्रको फुटपाथ अतिक्रमण हटाउन सुरू गरेको छ । संघीय सरकारको नेतृत्वमा बालेन शाह आएपछि स्थानीय तहहरूले अतिक्रमण हटाउन सुरू गरेका थिए । विराटनगर महानगरपालिकाले शुक्रबार बिहानबाट बजार क्षेत्रको फुटपाथ अतिक्रमण हटाउन सुरू गरेको हो ।

यसअघि महानगरले दुई दिनसम्म माइकिङ गरेर व्यवसायी र सर्वसाधारणलाई सचेत गराएको थियो । शुक्रबार उपप्रमुख शिल्पा निराला कार्कीसहितको टोलीले बजार क्षेत्रमा खटिएको थियो । महानगरपालिकाले पसलको सटर बाहिर कुनै पनि व्यापारिक सामग्री नराख्न आग्रह गरेको छ । सडकपेटीमा निर्माण सामग्री थुपार्न, मोटरसाइकल ग्यारेजका सामान राख्न र मापदण्डविपरीत कवाडी व्यवसाय सञ्चालन गर्न निषेध गरेको छ ।

# सुनसरीमा भन्सार छलीका सामान बरामद

**इटहरी/** सुनसरीको देवानगंज गाउँपालिका-१ स्थित मध्यहर्षाही क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले भन्सार छली गरी ल्याइँदै गरेका विभिन्न सामानसहित दुई वटा मोटरसाइकल बरामद गरेको छ।

शुक्रवार बिहान करिब ०४स१० बजेको समयमा सीमा सुरक्षा गुल्म कप्तानगंजबाट सशस्त्र प्रहरी नायव निरीक्षक रमेश कुमार बोहोराको कमाण्डमा खटिएको १० जनाको मोबाइल गस्ती टोलीले भारततर्फबाट नेपाल भित्र्याइँदै गरेको सामान नियन्त्रणमा लिएको हो। गस्ती टोलीलाई देखेपछि दुई वटा मोटरसाइकलमा रहेका व्यक्तिहरू सामान छाडेर फरार भएका थिए।

बरामद गरिएको सामानमा करिब ७ लाख ३० हजार रूपैयाँ बराबरको डबल बेडका तन्ना सेटसहित १२० सेट कपडा, वाईफाईका राउटर तथा चार्जर १०० थान, नक्कली गहना ३०० पिस र चार बोरा सुर्ती रहेका छन्। साथै, को १३ प ७१३४ र द्यच् ३९ थ् ०३२२ नम्बरका दुई वटा मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ, जसको अनुमानित मूल्य करिब २ लाख रूपैयाँ रहेको छ। यसरी बरामद गरिएका मोटरसाइकल र अन्य सामानको कुल अनुमानित मूल्य ९ लाख ३० हजार रूपैयाँ बराबर रहेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद सामग्रीलाई सीमा सुरक्षा गुल्म कप्तानगंज, सुनसरीमा राखिएको छ भने फरार व्यक्तिहरूको खोजी कार्य जारी रहेको जनाइएको छ।

***दमकमा*...** वरिष्ठ उपाध्यक्ष भगवान बस्नेतले धन्यवाद मन्तव्य राखेका थिए । कार्यालयले यसअघि सोहि कार्यक्रम विर्तामोडमा समेत सञ्चालन गरिएको लेखापाल प्रकाश दाहालले बताए ।



नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी, शुभचिन्तक, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आठमौजा सहकारी संस्था लि. परिवार
गौरीगञ्ज (झापा)

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०


गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०


ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू
१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।
आवद्ध डाक्टरहरु
☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल